दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ्ग, काठमाडौं
बागमती प्रदेश, नेपाल

# सेवा करारको लागी निवेदन आह्वान गरिएको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०२/०५**

यस दक्षिणकाली नगरपालिका अन्तर्गत सञ्चालनमा आएको चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रको आईसोलेसन सेन्टरमा तपसिलको संख्यामा देहायका योग्यता भएका जनशक्ति आईसोलेसन सेन्टर सञ्चालन अवधिभरको लागी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले ३ (तिन) दिन (२०७८/०२/०७ गते) भित्र कार्यालय समय सम्ममा यस नगरपालिकामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| क्र.सं. | विज्ञापन नं. | पद | पारिश्रमिक | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०७/०७७/०७८ | मेडिकल अधिकृत (अधिकृत आठौं) | ४०,३८०।- | १ जना |
| २ | ०८/०७७/०७८ | स्टाफ नर्स | २०,०००।- | ४ जना |

क) परिक्षाको किसिम : अन्तर्वाता (सर्ट लिस्टमा छनौट भएकाहरुलाई मात्र अन्तर्वार्तामा समावेश गराईनेछ)।

ख) न्यूनतम शैक्षिक योग्यता : **मेडिकल अधिकृत** - नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS वा सो सरह योग्यता प्राप्त गरी NMC को प्रमाण पत्र प्राप्त गरेको ।

**स्टाफ नर्स** - नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी नेपाल नर्सिङ काउन्सिलको प्रमाण पत्र प्राप्त गरेको ।

ग) सर्ट लिस्टको आधार : कार्य अनुभव, शैक्षिक योग्यता र स्थानियता ।

घ) निवेदन साथ संलग्न गर्नुपर्ने कागजपत्रहरु : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि । सबै प्रमाणपत्रहरु उम्मेदवार स्वयंले सक्कल बमोजिम भएको प्रमाणित गरेको हुनुपर्नेछ । समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

ङ) उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

च) निवेदन बुझाउने स्थान : दक्षिणकाली नगरपालिका कार्यालय, फर्पिङ्ग, काठमाडौं वा यस नगरपालिकाको ईमेल : info@dakshinkalimun.gov.np मा ईमेलद्वारा पेश गर्न सकिनेछ ।

छ) परीक्षा हुने केन्द्र र मिति : दक्षिणकाली नगरपालिका कार्यालय, मिति २०७८/०२/०८ गते, समयः ११:०० बजे ।

ज) अन्य :
- कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकामा निहित हुनेछ ।
- सम्बन्धित क्षेत्रमा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता ।
- थप सेवा सुबिधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।
- थप जानकारीको लागि नगरपालिकाको सम्पर्क नं. ०१-४७१००२८ मा सम्पर्क गर्न सक्नु हुनेछ वा नगरपालिकाको ईमेल : info@dakshinkalimun.gov.np मा ईमेलद्वारा समेत बुझ्न सक्नु हुनेछ ।

**दक्षिणकाली नगरपालिका**
**फर्पिङ्ग, काठमाडौं**